# पशुपंक्षी विकास कार्यक्रम संचालन कार्यबिधि, २०७७

प्रस्तावना

नेपालको संबिधानमा व्याबस्था भए अनुसार कृषि तथा पशुपालन, पशु स्वास्थ्य व्यवस्थापन, पशु उत्पादन, पशु नश्ल सुधार, तथा पशु प्रसारको व्यवस्थापन सम्बन्धी कार्यहरु स्थानीय तहबाट सम्पादन गर्नुपर्ने भएको र संघीय कार्यान्वयनको सन्दर्भमा बजेट कार्यक्रम, जनशक्ति तथा साधन श्रोतहरु स्थानीय तहमा हस्तान्तरण हुँदै गरेको सन्दर्भमा कृषक समुदायको जिबिकोपार्जनमा अनादि कालदेखि महत्त्वपूर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई विविधिकरण, व्यावसायीकरण, आयमुलक तथा सम्मानित पेशाको रुपमा विकास गरी पशुधनको उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्दै पशुजन्य उत्पादनहरूमा (दुध, फुल, मासु) यस बगनासकाली गाउँपालिकालाई आत्मनिर्भर बनाई रोजगारी स्थपनामा समेत योगदान दिन यस गाउँपालिकाको गाउँसभाबाट पारित भएको नीति, कार्यक्रम तथा बजेटलाई व्यवस्थित, पारदर्शी र प्रमावकारी रुपमा संचालन गर्नको लागि मापदण्डहरू निर्धारण गरी यस बगनासकाली गाउँपालिकाले पशु सेवा तथा पशुपंक्षी विकास सम्बन्धी कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि स्थानीय सरकार ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम यो कार्यबिधि लागू गरिएको छ ।

## परिच्छद -१
## प्रारम्भिक

### १.संक्षिप्त नाम र प्रारम्भ :

(१) यो कार्यबिधिको नाम बगनासकाली गाउँपालिकाको पशुपंक्षी बिकास कार्यक्रम संचालन कार्यबिधि,२०७७ रहेको छ ।

(२) यो कार्यबिधि बगनासकाली गाउँपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

(३) यो कार्यबिधि बगनासकाली गाउँपालिका भित्र लागू हुनेछ ।

**२.परिभाषा:** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा :

(क) **कार्यबिधि भन्नाले** पशु सेवा शाखाको कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७७ सम्झनु पर्दछ ।

(ख) **गाउँपालिका भन्नाले** नेपालको संविधान बमोजिम गठित बगनासकाली गाउँपालिका चिर्तङ्गधारा, पाल्पालाई सम्झनु पर्दछ ।

(ग) **कार्यपालिका भन्नाले** बगनासकाली गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) **प्रमुख भन्नाले** बगनासकाली गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) **उप प्रमुख भन्नाले** बगनासकाली गाउँपालिका उपप्रमुखलाई सम्झनु पर्दछ ।

(च) **प्रमुख प्रशासकीय अधिकृत भन्नाले** बगनासकाली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) **आर्थिक विकास समिति भन्नाले** बगनासकाली गाउँपालिकाले गठन गरेको आर्थिक विकास समिति सम्झनु पर्दछ ।

(घ) **शाखा भन्नाले** बगनासकाली गाउँपालिका कार्यालयको पशु सेवा शाखा सम्झनु पर्दछ ।

(ङ) **कार्यक्रम भन्नाले** बगनासकाली गाउँपालिकाको गाउँसभाबाट स्वीकृत भएका पशु सेवा सम्बन्धी कार्यक्रमहरु सम्झनु पर्दछ ।

(च) **सेवा केन्द्र भन्नाले** पशु सेवा शाखा मातहतमा बगनासकाली गाउँपालिका भित्र क्षेत्रमा संचालित पशु सेवा सम्बन्धी सेवा प्रदान गर्ने ईकाईहरु सम्झनु पर्दछ ।

(छ) **पशु बिकास समिति भन्नाले** कार्यक्रम क्षेत्र तथा लाभग्राही छनौट, मापदण्ड निर्धारण र अनुगमन तथा मुल्याङ्कनका लागि तोकिएको पदाधिकारी रहने गरी गाउँपालिका स्तरमा गठन भएको कार्यदल सम्झनु पर्दछ ।

(ज) **लाभग्राही भन्नाले** पशु सेवा शाखाबाट कार्यक्रममा व्यवस्था भए अनुसार अनुदान, पशु उत्पादनमा प्रयोग हुने बस्तु सामाग्री तथा उपकरणहरु र सेवा प्राप्त गर्ने कृषक/कृषक समूह/सहकारी/उद्यमी/निजि व्यवसायी तथा संस्था समेतलाई जनाउदछ ।

(झ) **युवा भन्नाले** युवा लक्षित कार्यक्रम संचालन गर्न चाहाने १८ देखि ४० वर्षसम्मका नेपाली नागरिक भन्ने बुझ्नु पर्दछ ।

(ञ) **युवा समूह भन्नाले** १८देखि ४०वर्षका युवाहरुको मिलि समूह गठन गरी कुनै पनि सरकारी निकायमा दर्ता भएका युवायुवतीको समूह पर्दछ ।

(ट) **सरोकारवाला भन्नाले** स्थानीय नक्ष्नका पशुपालक कृषक/समूह/समिति/स्थानीय निकाय/पशुपालन तथा पशु आनुवंशिक स्रोत संरक्षणसंग सम्बन्धित् अन्य सम्पूर्ण सरकारी, गैर सरकारी तथा निजि संघसंस्था तथा व्यक्तिलाई संम्झनु पर्दछ ।

(ठ) **युवा लक्षित कार्यक्रम भन्नाले** युवालाई पशुपालन क्षेत्रमा आकर्षण गर्न व्यवसायिक पशुपालन (गाई, भैसी, बाख्रा, बंगुर, कुखुरा र माछापालन) र पशुपंक्षी बजार प्रर्वद्धन कार्यक्रम संचालनको लागि तयार गरिएको प्रस्ताव बुझ्नु पर्दछ ।

(ठ) **समूह भन्नाले** व्यावसायिक रुपमा पशुपालन गर्नका लागि गठन भएका १५ देखि २५ जना सम्मको कृषकहरुको समूहलाई बुझ्नु पर्दछ ।

(ड) पशुजन्य पदार्थ भन्नाले पशुको मासु, दुध, रगत, फूल हाड छाला प्वाँख उन भ्रुण वृर्य मल मुत्र वा सोबाट बनाइएको अप्रसोधित सामाग्री सम्झनु पर्दछ ।

(ढ) **फर्म भन्नाले** प्रचलित कानुन अनुसार दर्ता भएको निजि क्षेत्रका व्यवसायी/उद्यमी संस्थालाई सम्झनु पर्छ।

(ण) **सहकारी भन्नाले** प्रचलित कानुन बमोजिम दर्ता भएको पशु सम्बन्धी कार्य गर्ने संस्थालाई सम्झनु पर्दछ ।

(त) अनुदान भन्नाले यस कार्यबिधि अनुरुप संचालन गरिने कार्यक्रमको लागि कार्यालयबाट उपलब्ध गराईने रकमलाई सम्झनु पर्दछ ।

(थ) **कार्यक्रम भन्नाले** यस बगनासकाली गाउँपालिकाको पशु सेवा शाखाले गर्ने सम्पुर्ण वार्षिक स्वीकृत कार्यक्रमलाई सम्झनु पर्दछ ।

**पृष्ठपोषण** : यो पशु विकास कार्यक्रम, कार्यक्रम संचालन कार्यबिधिले गाउँपालिकाको पशु सेवा शाखा गाउँपालिकाको क्षेत्र अधिकार भित्र (वडा नं. १ चिर्तङ्गधारा, वडा नं. २ पोखराथोक, वडा नं. ३ आर्यभन्ज्याङ, वडा नं. ४ खानीछाप, वडा नं. ५ दर्लमडाँडा, वडा नं. ६ यम्घा, वडा नं. ७ खानीछाप, वडा नं. ८ बराङ्दी, वडा नं. ९ चापपानी)र हेका सम्पुर्ण पशु विकास सम्बन्धी कार्यक्रमलाई कार्यान्वयन तथा नियमन गर्नेछ ।

## ३. कार्यक्रम संचालनको उद्देश्यहरु :

(क) बगनासकाली गाउँपालिकाबाट संचालन हुने पशु सेवा कार्यक्रम कार्यान्वियन प्रकृयालाई सरल, सहज, प्रभावकारी, पारदर्शी उवं गुणस्तरयुक्त बनाउने ।

(ख) पशुपंक्षीको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आय आर्जन र पोषण सुरक्षामा टेवा पुराउने ।

(ग) अनुदान बितरण नितीलाई प्रक्रियामुखीबाट परिमाणमुखी तर्फ लैजाने ।

(घ) पशुपंक्षिपालन व्यवसायलाई दिगो, मर्यादित, प्रतिस्पधी एवं उत्पादनमुलक बनाउने ।

(ङ) सेवा प्रवाहको प्रकृयालाई सरल,निष्पक्ष र प्रणालीयुक्त बनाउने ।

(च) पशु स्वास्थ्य तथा रोग निधान प्रकृयालाई गुणस्तरीय बनाउने ।

(छ) लाभग्राहीहरुको छनौट प्रक्रियालाई स्पष्ट र पारदर्शी बनाउने ।

४. सरोकारवाला निकायहरु : पशु बिकास कार्यक्रम संचालन गर्न विभिन्न सरोकारवालाहरु देहाय बमोजिम भुमिका हुनेछ ।

(क) कृषक /कृषक समूह/सहकारी /फर्म मार्फत एकल वा संयुक्त रुपमा यस पशु सेवा शाखा र वडा कार्यालयबाट पशु विकास कार्यक्रमहरु संचालन हुने छन ।

(ख) कार्यालयले प्रविधि विस्तार तथा सेवा टेवा र कार्यक्रम संचालन गर्नेछ ।

(ग) कार्यालयले कार्यक्रम संचालनको लागि आवश्यक पर्ने विषयगत कार्यक्रम अनुसार प्रस्तावहर, मूल्याङ्कन सूचक/आधारहरु ढाँचा तयार गरी कार्यक्रम कार्यान्वियन प्रक्रियालाई सहजिकरण गर्नेछ ।

(घ) कार्यालयले वडा कार्यालयहरु, पशु बिकास सम्बन्धी कार्य गर्ने सरकारी तथा गैर सरकारी संस्थासँग समन्वय र सहकार्य गर्नेछ ।

(ङ) स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारले संचालन गर्ने पशु विकास कार्यक्रमहरु दोहोरोपन हटाउन आपसी सहयोग, समन्वय र सहकार्य गर्नुपर्नेछ ।

## परिच्छेद -२

## संचालित कार्यक्रमहरु

**पशु बिकास कार्यक्रमहरुको विवरण : यस बगनासकाली गाउँपालिकाको पशु सेवा शाखाको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट परिधिभित्र रही देहाय बमोजिका कार्यक्रमहरु हुनेछन् ।**

# २.१ गाईभैसी भकारो सुधार कार्यक्रम (५० प्रतिशत अनुदानमा )

### प्रस्तावना

बगनासकाली गाउँपालिकाको पशु उत्पादन क्षेत्रको निर्वाहमुखी व्यवसायबाट बिस्तारै ब्यवसायीकरण गदै गईरहेको परिपेक्षमा यस नविन क्षेत्रमा लगानी बिस्तार गरी समग्र व्यवसायलाई नै प्रतिस्पर्धी बनाउनु आवश्यक छ दुध । उत्पादनको लागि गाई, भैसी र मासु उत्पादन गर्न पाडा पालनमा बिशेष सहयोग गर्नुको साथै अर्गानिक तरकारी उत्पादन गर्न प्रयोग हुने कम्पोष्ट मल तथा जैविक बिषाधीको लागि पिसाव संकलन गर्न कृषकको कामको लोड कम गर्न स्वस्थ्य पशु उत्पादन गर्न पशुको बसाई सहज गरि दुध दुहुन र मल मुत्र व्यावस्थापनमा सहज गर्नको लागि र पशु बस्तु उत्पादन गर्न गाईभैसी भकारो सुधार कार्यक्रम ५० प्रतिशत अनुदानमा दिने कार्यक्रम रहेकोले यसरि दिने अनुदानलाई बढी प्रभाबकारी बनाउन लक्षित वर्ग सम्म पुराउनुको साथै गाई भैसि पालन व्यवसायमा आधुनिक प्रविधिको प्रयोग मार्फत बढी प्रतिस्पर्धी बनाउनको लागि उक्त अनुदान प्रदान प्रकृयालाई व्यवस्थित बनाउन यो कार्यबिधि २०७७ स्वीकृग गरी लागु गरिएको छ ।

५. उद्देश्य : यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छन् ।

(क) पशुपालन व्यवसायको उत्पादन लागत घटाई कृषकलाई कामको बोझ घटाउन ।

(ख) पशुलाई स्वस्थ्य राख्न ।

(ग) अर्गानिक तरकारी खेति गर्ने किसानहरुलाई जैबिक विषादी, कम्पोष्ट मल तयार गरी बातावरण सफा राख्न ।

(घ) स्वस्थ दुध तथा मासु उत्पादन गर्न ।

६. कार्यक्रम संचालन प्रक्रिया :

(क) बगनासकाली गाउँपालिकाको वार्षिक स्वीकृत बजेट र अख्तियारीको परिधि भित्र रही गाईभैसि भकारो सुधार कार्यक्रम व्यवसायीक पशुपालनक कृषकलाई प्रथामिकता दिई यस गाउँपालिकाले ५० प्रतिशत अनुदान उपलब्ध गराउने गरी कार्यक्रम कार्यान्वियन समितिले सम्भाव्यताको आधारमा स्थान तथा कृषक, सहकारी , समूह छनौट गर्ने छ ।

(ख) निर्धारण भएको स्थानलाई लक्षित गरी अनुसूची- १ अनुसारको ढाँचामा १५ दिनको सूचना प्रकाशन गरिने छ ।

(ग) ईच्छुक कृषक/निजि फर्महरुले अनुसूची -३ अनुसारको कागजातहरु संलग्न राखि अनुसूची-४ बमोजिमको ढाँचामा कार्ययोजना तयार गरी अनुसूची -२ बमोजिमको ढाँचाको निवेदन सूचनामा तोकिएको कार्यालयमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(घ) छनौट भएका कृषक/निजि फर्महरुसँग कार्यालयले अनुसूची -६ बमोजिमको ढाँचामा सम्झौता गर्ने छ ।

(ङ) सम्बन्धीत कार्यक्रम संचालन गरिने स्थलको अध्यन र अनुगमन, ठाउँको छनौट गर्ने ।

(च) सहभागी कृषक/निजि फर्महरुले ५०% लागत साझेदारी गर्नु पर्नेछ ।

(छ) स्थानीय दर रेट को परिधी भित्र रही प्राबिधि स्टिमेट बमोजिम निर्माण कार्य पुरा गर्नु पर्नेछ ।

**स्पष्टिकरण :साना मझौला र ठुला व्यवसायिक फार्मको बर्गिकरण तपशिल अनुसार हुनेछ ।**

**(गाईभैसि :साना, मझौला र ठुला भन्नाले क्रमश कम्तिमा :५-१०,११-२०,२१** देखि माथि बिमा गरी माउँ भैसि पालेका **कृषक ।)**

| क्र.स. | व्यवसायिक फार्म | ५०%अनुदान | कैफियत |
|---|---|---|---|
| १ | साना | १५,०००/ | |
| २ | मझौला | ३०,०००/ | |
| ३ | ठुला | ५०,०००/ | |

७.कार्यक्रम छनौटका आधारहरु : कृषक/निजि फर्म छनोटका आधारहरु देहाय बमोजिम हुनेछन्:

(क) गोठ तथा भकारो व्यवस्थित नभएको वा व्यवस्थित गर्न ईच्छुक कृषक हुनु पर्नेछ ।

(ख) गाई भैसि २ देखी ५ वटा पालन गरेको वा २ वटा पाली अरु पाल्ने ईच्छा जाहेर भएको हुनु पर्ने छ ।

(ग) कम्तीमा प्रति पशु ३ रोपनीमा घाँस खेति भएको हुनु पर्ने छ ।

(घ) जैबिक सुरक्षाका उपायहरु अवलम्बन गरेको हुनु पर्नेछ ।

(ङ) व्यावसायीक पशुपालन गरि दुध उत्पादन तथा बिक्रि गरेको हुनुपर्ने छ ।

(च) व्यवसाय सम्भाव्यता, उपयुक्तता, पशुबस्तुको संख्या, गोठको अबस्था, पशुपालनको अनुभब, सुधारको आबश्यकता र घाँसको उपलब्धताको आधारमा विषेश छनौट गरिने छ ।

**८. कार्यक्रम खर्च तथा अनुदान परिधि :** छनौट भएका कृषक वा निजि फर्महरुलाई स्वीकृत कार्यक्रम अनुसार स्वीकृत बजेटको परिधि भित्र रही लागत स्टिमेटको अधिकतम ५० प्रतिशत रकमको हुनआउने रकम मध्ये जुन कम हुन्छ सो रकम अनुदान उपलब्ध हुनेछ । उक्त रकम देहाय बमोजिकको शिर्षकहरुमा खर्च गर्न सकिने छ ।

(क) गोठ निर्माण/गोठ मर्मत सुधार/क्यान खरिद/च्याप्कटर खरिद ।

(ख) माथि उल्लेखित क्रियाकलापमा बाहेक अन्य क्रियाकलाप थप गर्नु परेमा कार्ययोजनामा संलग्न गरी स्वीकृत पश्चात गर्न सकिनेछ ।

(ग) कृषक तथा निजि फर्महरुले काम सम्पन्न गरी भुक्तानीको लागि निम्नअनुसारको कागजातहरु संलग्न राखि कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

(१) अनुदान भुक्तानी निवेदन

(२) सम्झौता पत्र

(३)खरिद गरेको सामाग्रीको (पान वा भ्याट) बिल /भरपाई ।

(४) कार्य सम्पन्न भएको फोटो ।

(५) सम्बन्धित वडाको सिफारिस

(६) काम सम्पन्न भएको अनुगमन प्रतिवेदन ।

(७) कार्य सम्पन्न भए पश्चात अनुदान ग्राहिले आबश्यक कागजात सहित तोकिएको समय भित्र भुक्तानी माग गर्नु पर्ने छ र सो अनुसार स्थलगत अनुगमन गरी लागतको आधारमा नियमअनुसारको कर कट्टी गरी कृषक वा फर्मलाई एसी पेयि चक मार्फत भुक्तानी दिईनेछ ।

## २.२ बाख्राको खोर मर्मत सुधार कार्यक्रम (५०% अनुदानमा )

### प्रस्तावना

बगनासकाली गाउँपालिकाको पशुपालन व्यवसाय कृषकहरुको जीविकोपार्जनको एक माध्यम हो । यस गाउँपालिकामा बाख्रापालन गर्ने कार्य वषौँ देखि चलि आएको छ । आआफ्नै ढंगले बाख्रापालन गर्दा कतिपय स्थानमा अन्य पशुहरुसंग राखेर बाख्रापालन गर्ने वा बाख्रामा लागि छुट्टै खोर नबनाएको पाईन्छ ।अलग्गै खोर भए पनि कोचाकोच गरेर बाख्रा राख्ने, उमेर अनुसार अलग अलग कोठाको व्यवस्था नगर्ने, खोर भित्र प्रकाश र हावाको संचारलाई महत्व नदिने, खोरको नियमित सरसफाईलाइ वेवास्ता गर्ने जस्ता विकृतिहरु देखिएको हुदा कृषकले खोर निमार्ण गदा सामान्य प्राविधिक कुराहरुलाई ध्यान नदिदा कृषकहरुले सोचे अनुसारको लाभ हासिल गर्न सकिरहेका छैनन । बाख्राको उत्पादन र उत्पादकत्व सुधारका लागि स्थानीय स्तरमा बनाईएका बाख्राका खोरहरुमा रहेका कमि कमजोरीहरुलाई महशुस गरीसुधार गराउनु अत्यावश्यक छ । त्यसैले बाख्रापालनका लागि कषकहरुले अपनाई आएको खोर व्यवसथापन र प्राविधि दृष्टिकोणबाट उपयुक्त प्रबिधि बिचको पहिल्याई सुधार तर्फ कृषकहरुलाई अभिप्रेरित गर्न सकियोस भन्ने उद्देश्ले उक्त अनुदान प्रदान प्रकृयालाई व्यवस्थित बनाउन यो कार्यबिधि २०७७ स्वीकृत गरी लागु गरिएको छ ।

### ९. उद्देश्य

यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) बाख्रापालन व्यवसायबाट कृषकको उत्पादन र उत्पादकतत्व बृद्धि गर्ने ।

(ख) बाख्राको स्वास्थ्य व्यवस्थापन गर्ने ।

(ग) बाख्राको बसाई तथा मल मुत्र व्यवस्थापन गर्ने ।

(घ) स्वास्थ पाठापाठी, खसी, बोका र मासु उत्पादन गर्ने ।

## १०. कार्यक्रम संचालन प्रक्रिया :

(क) बगनासकाली गाउँपालिकाको वार्षिक स्वीकृत बजेट र अख्तियारीको परिधि भित्र रही बाख्राको खोर मर्मत सुधार कार्यक्रम व्यवसायीक बाख्रा पालनक कृषकलाई प्रथामिकता दिई यस गाउँपालिकाले ५० प्रतिशत अनुदान उपलब्ध गराउने गरी कार्यक्रम कार्यान्वियन समितिले सम्भाव्यताको आधारमा स्थान तथा कृषक, सहकारी, समूह छनौट गर्ने छ ।

(ख) निर्धारण भएको स्थानलाई लक्षित गरी अनुसूची- १ अनुसारको ढाँचामा १५ दिनको सूचना प्रकाशन गरिने छ ।

(ग) ईच्छुक कृषक/निजि फर्महरुले अनुसूची -३ अनुसारको कागजातहरु संलग्न राखि अनुसूची-४ बमोजिमको ढाँचामा कार्ययोजना तयार गरी अनुसूची -२ बमोजिमको ढाँचाको निवेदन सूचनामा तोकिएको कार्यालयमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(घ) छनौट भएका कृषक/निजि फर्महरुसँग कार्यालयले अनुसूची -६ बमोजिमको ढाँचामा सम्झौता गर्ने छ ।

(ङ) सम्बन्धीत कार्यक्रम संचालन गरिने स्थलको अध्यन र अनुगमन, ठाउँको छनौछ गर्ने ।

(च)सहभागी कृषक/निजि फर्महरुले ५०% लागत साझेदारी गर्नु पर्नेछ ।

(छ) स्थानीय दर रेट को परिधी भित्र रही निर्माण कार्य पुरा गर्नु पर्नेछ ।

**स्पष्टिकरण :साना मझौला र ठुला व्यवसायिक फार्मको बर्गिकरण तपशिल अनुसार हुनेछ । (बाख्रा : साना, मझौला र ठुला भन्नाले क्रमश कम्तिमा : १५-२५ ,३०-४०,५० देखि माथि बिमा गरी माउँ बाख्रा पालेका कृषक ।)**

| क्र.स. | व्यवसायिक फार्म | ५०%अनुदान | कैफियत |
|---|---|---|---|
| १ | साना | १५,०००/ | |
| २ | मझौला | ३०,०००/ | |
| ३ | ठुला | ५०,०००/ | |

**११. कार्यक्रम छनौटका आधारहरु :** कृषक/निजि फर्म छनोटका आधारहरु देहाय बमोजिम हुनेछन्:

(क) खोर व्यवस्थित नभएको वा व्यवस्थित गर्न ईच्छुक कृषक हुनु पर्नेछ ।

(ख) पन्ध्र वटा माउँ बाख्रा पालन गरेको वा व्यवसायीक रुपमा अरु पाल्ने ईच्छा जाहेर भएको हुनु पर्ने छ ।

(ग) कम्तीमा पाँच बाख्रा बराबर ३ रोपनीमा घाँस खेति भएको हुनु पर्ने छ ।

(घ) जैबिक सुरक्षाका उपायहरु अवलम्बन गरेको हुनु पर्नेछ ।

(ङ) व्यावसायीक बाख्रा पालन गरि पाठापाठी उत्पादन तथा बिक्रि गरेको हुनुपर्ने छ ।

(च) व्यवसाय सम्भाव्यता, उपयुक्तता, बाख्राको संख्या, खोरको अबस्था, सुधारको आबश्यकता र घाँसको उपलब्धताको आधारमा विषेश छनौट गरिने छ ।

(छ) सम्बन्धित निकायमा फर्म दर्ता भएको हुनु पर्नेछ ।

**१२. कार्यक्रम खर्च तथा अनुदान परिधी :** छनौट भएका कृषक वा निजि फर्महरुलाई स्वीकृत कार्यक्रम अनुसार स्वीकृत बजेटको परिधि भित्र रही लागत स्टिमेटको अधिकतम ५० प्रतिशत रकमको हुनआउने रकम

मध्ये जुन कम  हुन्छ सो रकम  अनुदान उपलब्ध हुनेछ । उक्त रकम देहाय बमोजिकको शीर्षकहरुमा खर्च गर्न सकिने छ ।

(क) खोर निर्माण/खोर मर्मत सुधारका लागि आवश्यक सामाग्री खरिद गर्न सकिने छ ।

(ख) माथि उल्लेखित क्रियाकलापमा बाहेक अन्य क्रियाकलाप थप गर्नु परेमा कार्ययोजनामा संलग्न गरी स्वीकृत पश्चात गर्न सकिनेछ ।

(ग) कृषक तथा निजि फर्महरुले काम सम्पन्न गरी भुक्तानीको लागि निम्नअनुसारको कागजातहरु संलग्न राखि कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

(१) अनुदान भुक्तानी निवेदन

(२) सम्झौता पत्र

(३)खरिद गरेको सामाग्रीको (पान वा भ्याट) बिल /भरपाई ।

(४) कार्य सम्पन्न भएको फोटो ।

(५) सम्बन्धित वडाको सिफारिस

(६) काम सम्पन्न भएको अनुगमन प्रतिवेदन ।

(७) कार्य सम्पन्न भए पश्चात अनुदान ग्राहिले आबश्यक  कागजात सहित तोकिएको समय भित्र भुक्तानी माग गर्नु पर्ने छ र सो अनुसार स्थलगत अनुगमन गरी लागतको आधारमा नियमअनुसारको कर कट्टी गरी कृषक वा फर्मलाई एसी पेयि चक मार्फत भुक्तानी दिईनेछ ।

## बाख्राको  खोर मर्मत सुधार मापदण्ड

| क्र.सं. | बिवरण | नाप |
|---|---|---|
| १ | खोरको लम्बाई | बाख्राको संख्या अनुसार निर्धारण गर्नु पर्दछ । |
| २ | खोरको चौडाई | ६मि. देखि ८मि. बनाउन उपयुक्त १२ मि.भन्दा नबढाउने । |
| ३ | जगको गईराई | ७५ से.मी. |
| ४ | टाँड मुनिको भुईको स्लोप (भुई प्लास्टर गर्दा सरसफाई गर्दा सजिलो हुन्छ ।) | ३.५देखि ५ % |
| ५ | भुईको सतहबाट टाँडको उचाई | १ देखि १.२५से.मि. |
| ६ | टाँडको फ्ल्याक बिचको ग्याप | आधा ईन्च |
| ७ | टाँडको फल्याकको चौडाई | ४ से.मि. |
| ८ | ढोकाको उचाई | १ मी.देखि १.२५ से.मी. |
| ९ | काठको ढोकाको चौडाई | ८०से.मि. |
| १० | करीडोरको लम्बाई | खोरको लम्बाई अनुसार निर्धारण गर्ने । |
| ११ | करीडोरको चौडाई | १मि.२० से. |
| १२ | टाँड देखि भेन्टिलेसन सम्मको उचाई | १ मिटर |
| १३ | भेन्टिलेसनको उचाई | १ मिटर सम्म |
| १४ | भेन्टिलेसनको चौडाई | ७० से.मि. |
| १५ | मुल ढोकाको चौडाई | १ मी. |
| १६ | मुल ढोकाको उचाई | १मि.८० से.मि. |
| १७ | बलेनितिरको पर्खालको उचाई टाँडदेखि छतको तल्लो भाग रहने सम्मको | १मि.८० से.मि. |
| १९ | टाँड देखि धूरी सम्मको उचाई | २ मि.४०से.मि. |
| २० | छतको स्लोप | ३.६५% |

| | | |
|---|---|---|
| २१ | खोरको बाहिरी भागबाट बलेनी सम्मको छतको लम्बाई | ६० से.मि. |
| २२ | प्रति कोठामा बाख्रा साख्या | २५ देखि ३० सम्म |
| २३ | प्रति कोठामा बोकाको संख्या | १ वटा राख्न उपयुक्त हुन्छ । |

## प्रति पशु प्रति क्षेत्रफल

| क्र.सं. | बाख्राको बिभिन्न उमेर | खोर भित्रको क्षेत्रफल (प्रति बाख्रा प्रति बर्गमिटर) | प्याडकको क्षेत्रफल (बर्गमिटर प्रति बाख्रा) |
|---|---|---|---|
| १ | ३ महिना सम्म पाठापाठी | ०.२०देखि०.३०सम्म | ०.४०देखि०.६० सम्म |
| २ | ४ देखि ९ महिना सम्मका पाठापाठी | ०.६० देखि०.७५सम्म | १.२० देखि१.५०सम्म |
| ३ | १० दखि १२ महिना सम्मका पठेग्री पठेग्र | ०.७५ देखि१.००सम्म | १.५० देखि२.००सम्म |
| ४ | थारा बयस्क बाख्रा | १.००देखि१.५०सम्म | २.००देखि ३.००सम्म |
| ५ | ब्याउने बाख्रा | १.५०देखि२.००सम्म | ३.०० देखि४.००सम्म |
| ६ | प्रजनन बोका | २.५० देखि३.००सम्म | ५.०० देखि ६.००सम्म |

## टाट्नोको नाप :–

| क्र.सं. | विबरण | नाप |
|---|---|---|
| १ | टाँट्नो भुईको चौडाई | ३७ से.मि. |
| | टाँट्नोको घाँस राख्ने भागको चौडाई | ४५ से.मि. |
| | टाँट्नो क्रस भाग सम्मको उचाई | ७४ से.मि. |
| | टाँट्नो क्रस भाग देखि माथिको उचाई | ७०से.मि. |

# २.३ बंगुरको खोर मर्मत सुधार कार्यक्रम (५० प्रतिशत अनुदानमा)

## प्रस्तावना

बगनासकाली गाउँपालिका जनजातिको बाहुल्यता भएको गाउँपालिका हो । यहा जनजाती सस्कृति अनुसार बंगुर, सुगुरको मासु खाने तथा देबतालाई बलि देने चलन छ । घरायासि अनुपयोग हुने खानेकुराबाट एक दुई माउँ बंगुर पाल्न सकिने हुदा कृषक यस व्यवसायतिर आर्कर्षित भएको पाईछ । बंगुर वर्षमा ३ चोटी ब्याउने र एक पटकमा १० दखि१५ गोटा सम्म पाउने हुदा यस व्यवसायलाई राम्रो आयआर्जनको व्यवसाय मानिन्छ । तर यस व्यवसायलाई व्यवस्थित तरिकाले उत्पादन गर्नको लागि केहि सामान्य प्रबिधिहरु अपनाउनु पर्ने हुन्छ । त्यो हो बंगुरको खोर सुधार । बंगुरको खोर अरु पशुको भन्दा अलि फोहोर र दुगन्धीत हुने हुदा यसलाई बस्ति देखि अलि टाढा पाल्नु पर्ने हुन्छ । बंगुरकको सहज बसाई,सफा पानी र दानाको राम्रो व्यवसथा मिलाउनु पर्ने हुन्छ । यसैलाई मध्यनजर गरि बगनासकाली गाउँपालिकाले बंगुरको खोर निमार्ण वा मर्मत सुधारलाई व्यवस्थित पारदर्शि बनाउनका लागि यो कार्यबिधि २०७७ स्वीकृत गरि लागु गरेको छ ।

## १३.उद्देश्य

यस कार्यक्रमको उद्देश्य देहाय बमोजिक रहेको छ ।

(क) बंगुर पालन व्यवसायबाट कृषकको आयआर्जन बृद्धि गरि उत्पाद र उत्पादकत्व बढाउने ।

(ख) बंगुरको स्वस्थ्य पाठापाठी मासु उत्पान गर्ने ।

(ग) बंगुरको खोर व्यवस्थित तरिकाले निर्माण गरि बंगुरको बसाई, मल, मुत्रको व्यवस्थापन गरि उत्पादन बढाउने ।

## १४.कार्यक्रम संचालन प्रक्रिया :

(क) बगनासकाली गाउँपालिकाको वार्षिक स्वीकृत बजेट र अख्तियारीको परिधि भित्र रही बंगुरको खोर मर्मत सुधार कार्यक्रम व्यवसायीक बंगुर पालनक कृषकलाई प्रथामिकता दिई यस गाउँपालिकाले ५० प्रतिशत अनुदान उपलब्ध गराउने गरी कार्यक्रम कार्यान्वयन समितिले सम्भाव्यताको आधारमा स्थान तथा कृषक, सहकारी ,समूह छनौट गर्ने छ ।

(ख) निर्धारण भएको स्थानलाई लक्षित गरी अनुसूची- १ अनुसारको ढाँचामा १५ दिनको सूचना प्रकाशन गरिने छ ।

(ग) ईच्छुक कृषक/निजि फर्महरुले अनुसूची -३ अनुसारको कागजातहरु संलग्न राखि अनुसूची-४ बमोजिमको ढाँचामा कार्ययोजना तयार गरी अनुसूची -२ बमोजिमको ढाँचाको निवेदन सूचनामा तोकिएको कार्यालयमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(घ) सम्बन्धीत कार्यक्रम संचालन गरिने स्थलको अध्यन र अनुगमन, ठाउँको छनौट गर्ने ।

(ङ) छनौट भएका कृषक/निजि फर्महरुसँग कार्यालयले अनुसूची -६ बमोजिमको ढाँचामा सम्झौता गर्ने छ ।

(च) सहभागी कृषक/निजि फर्महरुले ५०% लागत साझेदारी गर्नु पर्नेछ ।

(छ) स्थानीय दर रेट को परिधी भित्र रही निर्माण कार्य पुरा गर्नु पर्नेछ ।

**स्पष्टिकरण : साना ,मझौला र ठुला व्यवसायिक फार्मको बर्गिकरण तथा मापदण्ड तपशिल अनुसार हुनेछ ।**
**(बंगुर : साना, मझौला र ठुला भन्नाले क्रमश कम्तिमा :५-१०,११-२०,२१ देखि माथि बिमा गरी माउँ बंगुर पालेका कृषक १०-१५,१६-२०,२१ देखि माथी मासुको लागि पालेका कृषाक ।)**

| क्र.स. | व्यवसायिक फार्म | ५०%अनुदान | कैफियत |
|---|---|---|---|
| १ | साना | १५,०००/ | |
| २ | मझौला | ३०,०००/ | |
| ३ | ठुला | ५०,०००/ | |

**१५.कार्यक्रम छनौटका आधारहरु :** कृषक/निजि फर्म छनोटका आधारहरु देहाय बमोजिम हुनेछन्:

(क) खोर व्यवस्थित नभएको वा व्यवस्थित गर्न ईच्छुक कृषक हुनु पर्नेछ ।

(ख) बच्चा उत्पादनको लागि पाँच वटा माउँ बंगुर र मासु उत्पादनको लागि भए १५ भन्दा माथि व्यवसायीक रुपमा पालन गरी फार्म बिस्तार गर्न चाहाने कृषक हुनु पर्ने छ ।

(ग) जैबिक सुरक्षाका उपायहरु अवलम्बन गरेको हुनु पर्नेछ ।

(घ) व्यावसायीक पालन गरि पाठापाठी उत्पादन तथा बिक्रि गरेको हुनुपर्ने छ ।

(ङ)व्यवसाय सम्भाव्यता, उपयुक्तता ,बंगुरको संख्या,सामाजिक परिवेश,खोरको अबस्था,सुधारको आबश्यकता र पानीको उपलब्धताको आधारमा विषेश छनौट गरिने छ ।

(च) सम्बन्धीत निकायमा दर्ता भएको हुनु पर्ने छ ।

**१६. कार्यक्रम खर्च तथा अनुदान परिधि :** छनौट भएका कृषक वा निजि फर्महरुलाई स्वीकृत कार्यक्रम अनुसार स्वीकृत बजेटको परिधि भित्र रही लागत स्टिमेटको अधिकतम ५० प्रतिशत रकमको हुनआउने रकम

मध्ये जुन कम हुन्छ सो रकम अनुदान उपलब्ध हुनेछ । उक्त रकम देहाय बमोजिकको शीर्षकहरुमा खर्च गर्न सकिने छ ।

(क)खोर निर्माण/खोर मर्मत सुधार,हिल ट्याङ्की खरिद ।

(ख) माथि उल्लेखित क्रियाकलापमा बाहेक अन्य क्रियाकलाप थप गर्नु परेमा कार्ययोजनामा संलग्न गरी स्वीकृत पश्चात गर्न सकिनेछ ।

(ग) कृषक तथा निजि फर्महरुले काम सम्पन्न गरी भुक्तानीको लागि निम्न अनुसारको कागजातहरु संलग्न राखि कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

(१) अनुदान भुक्तानी निवेदन ।

(२) सम्झौता पत्र ।

(३)खरिद गरेको सामाग्रीको (पान वा भ्याट) बिल /भरपाई ।

(४) कार्य सम्पन्न भएको फोटो ।

(५) सम्बन्धित वडाको सिफारिस ।

(६) काम सम्पन्न भएको अनुगमन प्रतिवेदन ।

(७)कार्य सम्पन्न भए पश्चात अनुदान ग्राहिले आवश्यक कागजात सहित तोकिएको समय भित्र भुक्तानी माग गर्नु पर्ने छ र सो अनुसार स्थलगत अनुगमन गरी लागतको आधारमा नियमअनुसारको कर कट्टी गरी कृषक वा फर्मलाई एसी पेयि चक मार्फत भुक्तानी दिईनेछ ।

## २.४ कुखुराको खोर मर्मत सुधार कार्यक्रम (५०प्रतिशत अनुदानमा)

### प्रस्तावना

बगनासकाली गाउँपालिका अर्न्तरगत विभिन्न गाउँमा बसोसास गर्ने विभिन्न समुदायमा रहेका कृषकहरुबाट स्थानीय तथा उन्नत कुखुरा पालन गरि पंक्षिजन्य पदार्थमा आत्मनिर्भर हुन र पारिवारीक पोषण तथा आहारामा पुर्णता दिन सहयोग पुराउनुका साथै कुखुराको खोर मर्मत सुधार गरि पंक्षिजन्य रोगबाट मुक्ति दिन र कुखुराबाट सोचे जति आयआर्जन गरि पंक्षिजन्य उत्पादनको निर्यात पवर्द्धन गर्न यस कार्यक्रमको कार्यबिधिको आवश्यकता रहेकोले यो कार्यबिधि २०७७ स्वीकृत गरि लागु गरिएको छ ।

### १७.उद्देश्य

(क) ग्रामिण भेगमा रहेका स्थानीय र उन्नत कुखुराको आधुनिक तरिकाबाट खोर निर्माण गरि कृषकको आयस्तर बृद्धि गर्ने ।

(ख) कुखुराको स्वस्थ्य मासु चल्ला उत्पादन गर्ने ।

(ग) पारिवारिक पोषणको लागि मासु तथा अण्डा आपूर्ति गर्ने ।

### १८. कार्यक्रम संचालन प्रक्रिया :

(क) बगनासकाली गाउँपालिकाको वार्षिक स्वीकृत बजेट र अख्तियारीको परिधि भित्र रही कुखुराको खोर मर्मत सुधार कार्यक्रम व्यवसायीक कुखुरा पालनक कृषकलाई प्रथामिकता दिई यस गाउँपालिकाले ५० प्रतिशत अनुदान उपलब्ध गराउने गरी कार्यक्रम कार्यान्वियन समितिले सम्भाव्यताको आधारमा स्थान तथा कृषक, सहकारी, समूह छनौट गर्ने छ ।

(ख)निर्धारण भएको स्थानलाई लक्षित गरी अनुसूची- १ अनुसारको ढाँचामा १५ दिनको सूचना प्रकाशन गरिने छ ।

(ग)  ईच्छुक कृषक/निजि फर्महरुले अनुसूची -३ अनुसारको कागजातहरु संलग्न राखि अनुसूची-४ बमोजिमको ढाँचामा कार्ययोजना तयार गरी अनुसूची -२ बमोजिमको ढाँचाको निवेदन सूचनामा तोकिएको कार्यालयमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(घ)  सम्बन्धीत कार्यक्रम संचालन गरिने स्थलको अध्यन र अनुगमन, ठाउँको छनौछ  गर्ने ।

(ङ) छनौट भएका कृषक/निजि फर्महरुसँग कार्यालयले अनुसूची -६ बमोजिमको ढाँचामा सम्झौता गर्ने छ ।

(च)  सहभागी कृषक/निजि फर्महरुले ५०% लागत साझेदारी गर्नु पर्नेछ ।

(छ)  स्थानीय दर रेट को परिधी भित्र रही प्राविधिक स्टिमेट बमोजिम निर्माण कार्य पुरा गर्नु पर्नेछ ।

**स्पष्टिकरण :  साना ,मझौला र ठुला व्यवसायिक फार्मको बर्गिकरण तपशिल अनुसार हुनेछ ।**

| सि.नं. | फार्मको नाम | कुखुरा संख्या | | हुनु पर्ने आधार | कैफियत |
|---|---|---|---|---|---|
| | | न्यूनतम | अधिकतम | | |
| **क** | **लेर्यस कुखुरा** | | | | **५०%अनुदानमा** |
| १ | साना व्यवसायिक लेर्यस फार्म | ५०० | | प्रति लट | २०,०००/ |
| २ | मझौला व्यवसायिक लेर्यस फार्म | ५०१ | १००० | प्रति लट | ३०,०००% |
| ३ | ठुला व्यवसायिक लेर्यस फार्म | १००१ | १५००० | प्रति लट | ५०,०००% |
| **ख** | **ब्रोईलर कुखुरा फार्म** | | | | **५०%अनुदानमा** |
| १ | साना व्यवसायिक ब्रोईलर कुखरा फार्म | ५०० | | प्रति लट | २०,०००/ |
| २ | मझौला व्यवसायिक ब्रोईलर कुखरा फार्म | ५०१ | १००० | प्रति लट | ३०,०००% |
| ३ | ठुला व्यवसायिक ब्रोईलर कुखरा फार्म | १०० | माथि | प्रति लट | ५०,०००% |
| **ग** | **स्थानीय कुखुरा** | | | | **५०%अनुदानमा** |
| १ | साना व्यवसायिक स्थानीय कुखरा फार्म | १५० | | प्रति लट | २०,०००/ |
| २ | मझौला व्यवसायिक स्थानीय कुखरा फार्म | २०० | ३०० | प्रति लट | ३०,०००% |
| ३ | ठुला व्यवसायिक स्थानीय कुखरा फार्म | ३५० | माथी | प्रति लट | ५०,०००% |

**१९.कार्यक्रम छनौटकाआधारहरु :** कृषक/निजि फर्म  छनोटका आधारहरु देहाय बमोजिम हुनेछन्:

(क)  खोर व्यवस्थित नभएको वा व्यवस्थित गर्न ईच्छुक कृषक हुनु पर्नेछ ।

(ख)स्थानिय कुखुरा १५० वटा कखुरा ,ब्रोईलर कुखुरा  ५०० सम्म पालन गरेको वा व्यवसायीक रुपमा अरु पाल्ने ईच्छा जाहेर भएको हुनु पर्ने छ ।

(ग) दानापानीको राम्रो व्यवस्था भएको हुनुपर्ने छ ।

(घ) जैबिक सुरक्षाका उपायहरु अवलम्बन गरेको हुनु पर्नेछ ।

(ङ) व्यावसायीक कुखुरा पालन  गरि चल्ला,फुल उत्पादन तथा मासु बिक्रि गरेको हुनुपर्ने छ ।

(च)व्यवसाय सम्भाव्यता, उपयुक्तता, कुखुराको संख्या, खोरको अबस्था, सुधारको आबश्यकता र दानापानीको उपलब्धताको आधारमा विषेश छनौट गरिने छ ।

**२०. कार्यक्रम खर्च तथा अनुदान परिधि :** छनौट भएका कृषक वा निजि फर्महरुलाई स्वीकृत कार्यक्रम अनुसार स्वीकृत बजेटको परिधि  भित्र रही लागत स्टिमेटको अधिकतम ५० प्रतिशत रकमको हुनआउने रकम

मध्ये जुन कम  हुन्छ सो रकम  अनुदान उपलब्ध हुनेछ । उक्त रकम देहाय बमोजिकको शीर्षकहरुमा खर्च गर्न सकिने छ ।

(क) खोर निर्माण/खोर मर्मत सुधार तथा व्यवस्थापन सामाग्री खरिद ।

(ख) माथि उल्लेखित क्रियाकलापमा बाहेक अन्य क्रियाकलाप थप गर्नु परेमा कार्ययोजनामा संलग्न गरी स्वीकृत पश्चात गर्न सकिनेछ ।

(ग) कृषक तथा निजि फर्महरुले काम सम्पन्न गरी भुक्तानीको लागि निम्नअनुसारको कागजातहरु संलग्न राखि कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

(१) अनुदान भुक्तानी निवेदन

(२) सम्झौता पत्र

(३) खरिद गरेको सामाग्रीको (पान वा भ्याट) बिल/भरपाई ।

(४) कार्य सम्पन्न भएको फोटो ।

(५) सम्बन्धित वडाको सिफारिस

(६) काम सम्पन्न भएको अनुगमन प्रतिवेदन ।

(७) कार्य सम्पन्न भए पश्चात अनुदान ग्राहिले आबश्यक  कागजात सहित तोकिएको समय भित्र भुक्तानी माग गर्नु पर्ने छ र सो अनुसार स्थलगत अनुगमन गरी लागतको आधारमा नियमअनुसारको कर कट्टी गरी कृषक वा फर्मलाई एसी पेयि चक मार्फत भुक्तानी दिईनेछ ।

## २.५ पशु बिकास नश्ल सुधार कार्यक्रम

### प्रस्तावना

बगनासकाली गाउँपालिकामा दिनानुदिन खसि, बोका ,राँगो बंगुरको मासु तथा पाठापाठी, पाडापाडीको माग बढिरहेको सन्दर्भमा मासु तथा खसि बोकाको मागको पूर्ति बिद्यमान रहेका स्थानीय बंगुर, भैसि, बाख्रा र बिर राँगो बोकाको नश्ल सुधारबाट पुरा गर्ने चुनौति रहको परिपेक्षयमा उन्नत पाठापाठी, पाडापाडीको माग पूर्ति गर्नको लागि स्थानीय स्तरमा रहेका  बंगुर, भैसि, बाख्रामा उन्नत बिर, राँगो, बोकाबाट नश्ल सुधार गरि व्यापक रुपमा उच्च शारिरिक तौल भएका खसि, बोका  राँगो तथा बाख्रा तयार गरि माग अनुसारको पाठापाठी मासु खसि बोका पुरा गर्नको लागि पशु बिकास नश्ल सुधार कार्यक्रम कार्यबिधि २०७७ स्वीकृत गरि लागु गरिएको छ ।

### २१. उद्देश्य

(क) बगनासकाली गाउँपालिका भित्र रहेका पशुपंक्षिको नश्ल सुधार गरी उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याउने ।

(ख) पशुपालन व्यवसायलाई आधुनिकीकरण र व्यवसायीकरण गर्ने ।

(ग) पशुपालन व्यवसायलाई अन्य व्यवसायसँग प्रतिस्पर्ध  बनाउर्ने ।

(घ) पशुपालन व्यवसायलाई बजारीकरणमा प्रोत्साहन गर्ने ।

### २२. कार्यक्रम संचालन प्रक्रिया :

(क) बगनासकाली गाउँपालिकाको वार्षिक स्वीकृत बजेट र अख्तियारीको परिधि भित्र रही पशु बिकास नश्ल सुधार कार्यक्रम व्यवसायीक पशु पालनक कृषकलाई प्रथामिकता दिई यस गाउँपालिकाले ५० प्रतिशत अनुदान उपलब्ध गराउने गरी कार्यक्रम कार्यान्वियन समितिले सम्भाव्यताको आधारमा स्थान तथा कृषक, सहकारी ,समूह  छनौट गर्ने छ ।

(ख)निर्धारण भएको स्थानलाई लक्षित गरी अनुसूची- १ अनुसारको ढाँचामा १५ दिनको सूचना प्रकाशन गरिने छ ।

(ग) ईच्छुक कृषक/निजि फर्महरुले अनुसूची -३ अनुसारको कागजातहरु संलग्न राखि अनुसूची-४ बमोजिमको ढाँचामा कार्ययोजना तयार गरी अनुसूची -२ बमोजिमको ढाँचाको निवेदन सूचनामा तोकिएको कार्यालयमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(घ) सम्बन्धीत कार्यक्रम संचालन गरिने स्थलको अध्यन र अनुगमन, ठाउँको छनौछ गर्ने छ ।

(ङ) छनौट भएका कृषक/निजि फर्महरुसँग कार्यालयले अनुसूची -६ बमोजिमको ढाँचामा सम्झौता गर्ने छ ।

(च)सहभागी कृषक/निजि फर्महरुले ५०% लागत साझेदारी गर्नु पर्नेछ ।

(छ) स्थानीय दर रेट को परिधी भित्र रही कार्यक्रम सम्पन्न गर्नु पर्नेछ ।

२३. कार्यक्रम छनौटकाआधारहरु : कृषक/निजि फर्म छनोटका आधारहरु देहाय बमोजिम हुनेछन्:

बोका तर्फ

(क) खोर गोठ व्यवस्थित भएको हुनु पर्नेछ ।

(ख) कृषक तथा व्यवसायीले कम्तिमा ३० गोटा माउँ बाख्रा पालेको हुनु पर्नेछ ।

(ग) डाँले घाँस तथा भुई घाँस प्रशस्त रुपमा भएको र दानापानीको राम्रो व्यवस्था भएको हुनुपर्ने छ ।

(घ) जैबिक सुरक्षाका उपायहरु अवलम्बन गरेको हुनु पर्नेछ ।

(ङ) सेवा क्षेत्र भित्र प्रजनन् सेवा दिने खालका बाख्रा कम्तिमा १० घर परिवारले पालन गर्नु पर्ने छ ।

(च) व्यवसाय सम्भाव्यता, उपयुक्तता, कुखुराको संख्या, खोरको अबस्था, सुधारको आबश्यकता र दानापानीको उपलब्धताको आधारमा विषेश छनौट गरिने छ ।

**२४. नश्ल सुधारको लागि देहाय बमोजिमका बिशेषता भएका पशु हुनु पर्ने छ ।**

**क.प्रजनन् योग्य राँगो**

- राँगो शुद्ध वा ५० देखि ७५ प्रतिशतको मुर्रा जातको हुनु पर्ने छ ।
- जात अनुसारको प्रस्ट देखिने गुण हुनु पर्छ ।
- राँगोको माउँ र बाबु असल गुणको साथै आमाको दुध उत्पादन कम्तीमा २०० लि प्रर्ति वेद भएकोबाट जन्मेको हुनु पर्छ ।
- राँगोको उमेर ३.५ देखि ४ वर्ष वा दुई दाँत साटेको हुनु पर्छ ।
- राँगोको दुबै अण्डकोष राम्रोसंग बिकास भएको हुनु पर्छ ।
- राँगो भरिसकेसम्म कृत्रिम गर्भाधानबाट जन्मेको हुनु पर्छ ।
- राँगो रिषालु र आक्रमक हुनु हुदैन ।

**ख. प्रजनन् योग्य साँडे**

- साँडे शुद्ध वा ५० देखि ७५ प्रतिशत जर्सि जातको हुनु पर्ने छ ।
- जात अनुसारको प्रस्ट गुण देखिने हुनु पर्नेछ ।
- साँडेको माउँ र बाबु असल गुणको साथै आमाको दुध उत्पादन कम्तीमा ३०० लि प्रर्ति वेद भएकोबाट जन्मेको हुनु पर्छ ।
- साँडेको उमेर २.५ देखि ३ वर्ष वा दुई दाँत साटेको हुनु पर्छ ।
- साँडेको दुवै अण्डकोष राम्रोसँग बिकास भएको हुनु पर्छ ।
- राँगो भरिसकेसम्म कृत्रिम गर्भाधानबाट जन्मेको हुनु पर्छ ।

**ग. प्रजनन् योग्य बोका**

- प्रजनन् योग्य बोका शुद्ध वा स्थानीय वा उन्नत जातको हुनु पर्ने छ ।

- जात अनुसारको प्रस्ट गुण देखिने हुनु पर्नेछ ।
- बोकाको माउँ र बाबु असल गुण भएको हुनु पर्छ ।
- बोका छनौट गदा दुई वटा जन्माउने आमाबाट जन्मेका पाठापाठी बाट छनौट गर्नु पर्छ ।
- बोकाको उमेर १ देखि १.५ वर्षको हुदा २५ के .जि.तौल हुनु पर्छ ।
- बोकाको दुवै अण्डकोष राम्रोसँग बिकास भएको हुनु पर्छ ।
- बोका बाख्रा प्रर्ति आर्कशित हुने खालको हुनु पर्छ ।
- बोका रिषालु र आक्रमक हुनु हुदैन ।

## घ. प्रजनन् योग्य बिर

- प्रजनन् योग्य बिर शुद्ध वा उन्नत जातको हुनु पर्ने छ ।
- जात अनुसारको प्रस्ट गुण देखिने हुनु पर्नेछ
- बिरको असल भुनि बाट जन्मेको १० देखि १४ गोटा सम्म बच्चा जन्माउन सक्ने भुनिबाट राम्रो हुर्केको खाईलाग्दो पाठो छनौट गर्नु पर्छ ।
- बिरको स्वभाब रिषाले हुनु हुदैन ।
- बिरको उमेर बालि लगाउने समयसम्म६० देखि ८० के जि सम्म भएको हुनु पर्छ ।
- बिरको दुवै अण्डकोष राम्रोसँग बिकास भएको हुनु पर्छ

**२५. कार्यक्रम खर्च तथा अनुदान परिधि :** छनौट भएका कृषक वा निजि फर्महरुलाई स्वीकृत कार्यक्रम अनुसार स्वीकृत बजेटको परिधि भित्र रही लागत स्टिमेटको अधिकतम ५० प्रतिशत रकमको हुनआउने रकम मध्ये जुन कम हुन्छ सो रकम अनुदान उपलब्ध हुनेछ । उक्त रकम देहाय बमोजिकको शीर्षकहरुमा खर्च गर्न सकिने छ ।

(क)पशु नश्ल सुधारको लागि राँगो, बिर, बोका, साँडे खरिद गर्न सकिने छ ।

(ख) माथि उल्लेखित क्रियाकलापमा बाहेक अन्य क्रियाकलाप थप गर्नु परेमा कार्ययोजनामा संलग्न गरी स्वीकृत पश्चात गर्न सकिनेछ ।

(ग) कृषक तथा निजि फर्महरुले काम सम्पन्न गरी भुक्तानीको लागि निम्नअनुसारको कागजातहरु संलग्न राखि कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

(१) अनुदान भुक्तानी निवेदन

(२) सम्झौता पत्र

(३)खरिद गरेको सामाग्रीको (पान वा भ्याट) बिल /भरपाई ।

(४) कार्य सम्पन्न भएको फोटो ।

(५) सम्बन्धित वडाको सिफारिस

(६) काम सम्पन्न भएको अनुगमन प्रतिवेदन ।

(७) कार्य सम्पन्न भए पश्चात अनुदान ग्राहिले आबश्यक कागजात सहित तोकिएको समय भित्र भुक्तानी माग गर्नु पर्ने छ र सो अनुसार स्थलगत अनुगमन गरी लागतको आधारमा नियमअनुसारको कर कट्टी गरी कृषक वा फर्मलाई एसी पेयि चक मार्फत भुक्तानी दिईनेछ ।

# २.६ पशुपंक्षी मेडिकल उपचार कार्यक्रम

प्रस्तावना

बगनासकाली गाउँपालिकाका विभिन्न वडामा पशुपंक्षी व्यावसाय संचालन गरी आयआर्जन गरिराखेका कृषक रहेका छन । पशुपंक्षी व्यवसायमा  पशुपंक्षी उत्पादन स्वस्थ, स्वच्छ तथा गुणस्तरीय हुन आवश्यक हुन्छ । कृषकले पालेका पशुपंक्षी बेला बेलमा बिरामी भई विभिन्न पशु सेवा प्राबिधिक मार्फत सेवा दिनु पर्ने हुन्छ । पशुलाई समय समयमा मेडिकल उपचार गरी पशुपंक्षीबाट उत्पादन हुने पशु बस्तु स्वस्थ बिक्री बितरण तथा उपभोग गर्न प्रभावकारी रुपमा कार्यान्वयन गर्न पशुपंक्षी मेडिकल उपचार कार्यक्रमको सानर्दभिकता अझ बढि देखिएको छ । पशुपंक्षी मेडिकले उपचार मार्फत पशुपंक्षी स्वस्थ हुने र पशु उत्पादन बढ्दै जाने हुदा यस बगनासकाली गाउँपालिकाको प्रत्येक वडामा वडा प्राबिधिक तथा पशु स्वास्थ्य प्राबिधिक मार्फत पशुपंक्षी मेडिकल उपचार संचालन गर्ने पशुपंक्षी रोगको रोगथाम गर्न र महामारीको रुपमा रोगहरु फैलिन नदिन तथा नियन्त्रण गर्न र पशुपंक्षी उपचार सेवालाई प्रभावकारी पारदर्शी बनाउन यो कार्यबिधि लागु गरिएको छ ।

२६. उद्देश्य

(क) पशुपंक्षीमा हुने रोगहरुको निधान तथा उपचार गर्न ।
न्यूनिकरण गर्न ।
(ग) पशुपंक्षीमा हुने संक्रामक रोगहरु फैलिन नदिन ।
(घ) पशुपंक्षीबाट उत्पादन हुने पशु बस्तु स्वस्थ उत्पादन गर्न  तथा पशुपंक्षीको संरक्षण गर्ने ।
(ङ) बगनासकाली गाउँपालिकामा पशुपंक्षी उपाचार सेवालाई प्रभावकारी बनाउने ।

**२७. कार्यक्रम संचालन प्रक्रिया :**

(क) बगनासकाली गाउँपालिकाको वार्षिक स्वीकृत बजेट र अख्तियारीको परिधि भित्र रही पशुपंक्षी मेडिकल उपचार कार्यक्रम खरिद समितिबाट निर्णय गराई सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम पशुपंक्षी मेडिकल उपचारको लागी आवश्यक पशुपंक्षी औषधी खरिद प्रक्रिया अगाडी बढाईने छ ।
(ख) यस वगनासकाली गाउँपालिका भित्रका पशुपालक कृषकहरुको माग अनुसार पशुपंक्षी मेडिकल उपचार कार्यक्रम संचालन गर्नका लागि पशुपंक्षी औषधीको  कृषकको माग अनुसार  बगनासकाली गाउँपालिका कार्यालयमा सूचीकृत भएका एग्रोभेहरुबाट तिन ओटा कोटेशन माग गरिने छ ।
(ग) एग्रोभेटहरुबाट प्राप्त कोटेशनहरुको खरिद समितिको बैठक बसि तिन ओटा कोटेशनको तुलनात्मक दररेटको मुल्याङकन गर्दा सबै भन्दा कम दररेटमा  पशुपंक्षी औषधी उपलब्ध गराउने एग्रोभेटलाई खरिद समितिले छनौट गर्ने छ ।
(घ) बगनासकाली गाउँपालिका र छनौट भएको एग्रोभेट बिच सम्झौता गरि खरिदको लागि कार्याआदेश बगनासकाली गाउँपालिकले दिने छ ।
(ङ) बगनासकाली गाउँपालिकामा प्राप्त पशुपंक्षी मेडिकल उपचार औषधी गाउँपालिकाको स्टोर शाखामा दाखिला गरीसकेपछि मात्र भुक्तानी प्रक्रिया अगाडी बढाईने छ ।
(च) बगनासकाली गाउँपालिका कार्यालय अर्न्तगतका पशु सेवा शाखा, पशु सेवा केन्द्र, वडा कार्यालयबाट पशु प्राविधिकको परामर्श बमोजिम कृषकको माग अनुसार निशुल्क बितरण गरिने छ ।
(छ) पशुपंक्षी मेडिकल उपचार संचालन गर्दा निशुल्क बितरण गरिएको पशुपंक्षी रेकड ओ.पि.डी. रजिष्टमा दर्ता गरी मासिक प्रगति प्रतिवेदन, इपिडिमियोलोजिकल रिपोट बगनासकाली गाउँपालिकामा पठाउने ।

**२८.खर्च मापदण्द :** पशुपंक्षी मेडिकल उपचार कार्यक्रम खर्चको मापदण्ड देहाय बमोजिम हुनेछ

(क) पशुपंक्षी मेडिकल उपचार कार्यक्रम स्वीकृत बजेटको परिधि भित्र रही संचालन गर्नु पर्नेछ ।

(ख) यस कार्यक्रम संचालन गर्दा कर्मचारीहरुको दैनिक भ्रमण भत्ताको व्यवस्था प्रचलित आर्थिक ऐन अनुसार हुनेछ ।

## २.७ पशु रोग निदान तथा प्रयोगशाला सेवा कार्यक्रम

प्रस्तावना

बगनासकाली गाउँपालिका भित्रका व्यवसायिक कृषकहरुद्वरा पालिएका गाई भैसि बाख्रा बंगुर कुखुराको पशुपंक्षी रोग निदानको लागि बगनासकाली गाउँपालिका पशु सेवा शाखा पशु सेवा केन्द्र वडा कार्यालयमा पशु रोग निदान तथा प्रयोगशाला सेवा संचालन गरि गोबर परिक्षण दुध परिक्षण बाट पशुपंक्षीकी रोग पहिचान गरि जुनेटिक रोग आन्तरिक परजिबि नियन्त्रण थुनिलो बिभिन्न जिर्ण प्रकारका रोहरुको पहिचान गरि रोगथाम तथा पशुपंक्षीमा रोगबाट मुक्ति गराउदा पशुपंक्षी उत्पादन तथा उत्पादकत्व वृद्धि हुने र जनस्वास्थ्यमा असर पर्ने रोगहरुको न्यूनिकरण गर्ने उद्देश्यले यो कार्यबिधि तयार गरिएको छ ।

२९. उद्देश्य :

(क) व्यावसायिक कृषकहरुद्धारा पालिएका पशुहरमा देखिएको पशुरोगको रोग पहिचान गरी दुध मासु अण्डा उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने ।

(ख) पशुपंक्षी रोग पहिचानमा सहयोग पुराउने ।

(ग) जनस्वास्थ्मा असर गर्ने रोगहरुको न्युनिकरण गर्ने ।

**३०. कार्यक्रम संचालन प्रक्रिया :**

(क) बगनासकाली गाउँपालिकाको वार्षिक स्वीकृत बजेट र अख्तियारीको परिधि भित्र रही पशु रोग निदान तथा प्रयोगशाला सेवा कार्यक्रम खरिद समितिबाट निर्णय गराई सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४बमोजिम पशुपंक्षी रोग निदान तथा प्रयोशाला सेवाको लागी आवश्यक पशुपंक्षी औषधी, केमिकल, सामाग्री खरिद प्रक्रिया अगाडी बढाईने छ ।

(ख) यस वगनासकाली गाउँपालिमा पशुपंक्षी प्रयोशाला संचालन गर्नका लागि आवश्यक केमिकल औषधी सामाग्रीको माग अनुसार बगनासकाली गाउँपालिका कार्यालयमा सूचीकृत भएका एग्रोभेहरुबाट तिन ओटा कोटेशन माग गरिने छ ।

(ग) एग्रोभेटहरुबाट प्राप्त कोटेशनहरुको खरिद समितिको बैठक बसि तिन ओटा कोटेशनको तुलनात्मक दररेटको मुल्याङकन गर्दा सबै भन्दा कम दररेटमा प्रयोगशाला सामाग्री तथा केमिकल औषधी उपलब्ध गराउने एग्रोभेटलाई खरिद समितिले छनौट गर्ने छ ।

(घ) बगनासकाली गाउँपालिका र छनौट भएको एग्रोभेट बिच सम्झौता गरि खरिदको लागि कार्याआदेश बगनासकाली गाउँपालिकले दिने छ ।

(ङ) बगनासकाली गाउँपालिकामा प्राप्त प्रयोशाला सामाग्री, केमिकल, औषधी गाउँपालिकाको स्टोर शाखामा दाखिला गरीसकेपछि मात्र भुक्तानी प्रक्रिया अगाडी बढाईने छ ।

(च) बगनासकाली गाउँपालिका कार्यालय अर्न्तगतका पशु सेवा शाखा, पशु सेवा केन्द्र, वडा कार्यालयबाट पशु प्राविधिको परामर्श बमोजिम कृषकलाई आवश्यक अनुसार निशुल्क पशु रोग निदान तथा प्रयोगशाला सेवा उपलब्ध गराईने छ ।

(छ) पशुपंक्षी मेडिकल उपचार संचालन गर्दा निशुल्क पशु रोग निदान तथा प्रयोशाला सेवा दिईएको पशुपंक्षी रेकड ओ.पि.डी. रजिष्टमा दर्ता गरी प्रयोशाला मासिक प्रगति प्रतिवेदन, इपिडिमियोलोजिकल रिपोट बगनासकाली गाउँपालिकामा पठाउने ।

**३१. खर्च मापदण्द :** पशु रोग निदान तथा प्रयोगशाला सेवा कार्यक्रम खर्चको मापदण्ड देहाय बमोजिम हुनेछ ।

(क) पशु रोग निदान तथा प्रयोगशाला सेवा कार्यक्रम स्वीकृत बजेटको परिधि भित्र रही संचालन गर्नु पर्नेछ

(ख) यस कार्यक्रम संचालन गर्दा कर्मचारीहरुको दैनिक भ्रमण भत्ताको व्यवस्था प्रचलित आर्थिक ऐन अनुसार हुनेछ ।

## २.८ आन्तरिक परजिबि नियन्त्रण कार्यक्रम

प्रस्तावना

पशुपंक्षीको शरीरको भित्री अंगहरुमा बसेर असर गर्ने परजिबिलाई आन्तरीक परजिबि भनिन्छ । यस्ता परजिबिले पशुपंक्षीको रगत तथा विभिन्न ईन्जाईमहरु चुसेर पशुपंक्षीको उत्पादन क्षमतामा ह्रास पुराउदै आएका हुन्छन ।त्यस कारण पशुपंक्षीबाट जति उत्पादन लिनु पर्ने हो त्यो उत्पादनमा बगनासकाली गाउँपालिकाका व्यावसायिक पशुपालक कृषकहरु पछी परेको देखिन्छ । यसकारण आन्तरिक परजिविबाट पशुपंक्षीलाई मुक्त गराई पशुपंक्षीको उत्पादन बढाउनका लागि आन्तरिक परजिबि नियन्त्रण तथा बिभिन्न जिर्ण प्रकारका रोहरुको पहिचान गरि रोगथाम तथा पशुपंक्षीमा रोगबाट मुक्ति गराउदा पशुपंक्षी उत्पादन तथा उत्पादकत्व वृद्धि हुने र आन्तरित परजिवि कारण पशुपंक्षी तथा जनस्वास्थ्यमा असर पर्ने रोगहरुको न्यूनिकरण गर्ने उद्देश्यले यो कार्यबिधि तयार गरिएको छ ।

३२. उद्देश्य :

(क) व्यावसायिक रुपमा पालिएका पशुहरुमा आन्तरिक परजिविको नियन्त्रण गरि मासु दुध र अण्डा उत्पादन तथा उत्पादकत्व बृद्धि गरि कृषकको आयआर्जन बृद्धि गर्ने ।

(ख)आन्तरिक परजिविका कारण असर पर्ने रोगहरुको न्यूनिकरण गर्ने ।

**३३. कार्यक्रम संचालन प्रक्रिया :**

(क) बगनासकाली गाउँपालिकाको वार्षिक स्वीकृत बजेट र अख्तियारीको परिधि भित्र रही आन्तरिक परजिवि नियन्त्रण कार्यक्रम खरिद समितिबाट निर्णय गराई सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम आन्तरिक परजिवि नियन्त्रणका लागी आवश्यक औषधआन्तरीक परजिवि नियन्त्रण औषधी खरिद प्रक्रिया अगाडि बढाईने छ ।

(ख) यस बगनासकाली गाउँपालिमा पशुपंक्षी आन्तरीक परजिबि नियन्त्रण गर्नका लागि आवश्यक औषधी कृषकको माग अनुसार बगनासकाली गाउँपालिका कार्यालयमा सूचीकृत भएका एग्रोभेहरुबाट तिन ओटा कोटेशन माग गरिने छ ।

(ग) एग्रोभेटहरुबाट प्राप्त कोटेशनहरुको खरिद समितिको बैठक बसि तिन ओटा कोटेशनको तुलनात्मक दररेटको मुल्याङ्कन गर्दा सबै भन्दा कम दररेटमा आन्तरिक परजिवि नियन्त्रण औषधी उपलब्ध गराउने एग्रोभेटलाई खरिद समितिले छनौट गर्ने छ ।

(घ) बगनासकाली गाउँपालिका र छनौट भएको एग्रोभेट बिच सम्झौता गरि खरिदको लागि कार्याआदेश बगनासकाली गाउँपालिकले दिने छ ।

(ङ) बगनासकाली गाउँपालिकामा प्राप्त आन्तरिक परजिवि नियन्त्रण औषधी गाउँपालिकाको स्टोर शाखामा दाखिला गरीसकेपछि मात्र भुक्तानी प्रक्रिया अगाडी बढाईने छ ।

(च) बगनासकाली गाउँपालिका कार्यालय अर्न्तगतका पशु सेवा शाखा,पशु सेवा केन्द्र, वडा कार्यालयबाट पशु प्राविधिकको परामर्श बमोजिम कृषकलाई आवश्यक अनुसार निशुल्क आन्तरिक परजिवि नियन्त्रण औषधी उपलब्ध गराईने छ ।

(छ) पशुपंक्षी आन्तरिक परजिवि नियन्त्रण कार्यक्रम संचालन गर्दा निशुल्क वितरण गरिएको औषधीको पशुपंक्षी रेकड ओ.पि.डी. रजिष्टरमा दर्ता गरी आन्तरिक परजिवि नियन्त्रणको मासिक प्रगति प्रतिवेदन, इपिडिमियोलोजिकल रिपोट बगनासकाली गाउँपालिकामा पठाउने ।

**३४. खर्च मापदण्द :** आन्तरिक परजिबि नियन्त्रण कार्यक्रम खर्चको मापदण्ड देहाय बमोजिम हुनेछ ।

(क) आन्तरिक परजिबि नियन्त्रण कार्यक्रम स्वीकृत बजेटको परिधि भित्र रही संचालन गर्नु पर्नेछ ।

(ख) यस कार्यक्रम संचालन गर्दा कर्मचारीहरुको दैनिक भ्रमण भत्ताको व्यवस्था प्रचलित आर्थिक ऐन अनुसार हुनेछ ।

## २.९ पशुपंक्षी खोप कार्यक्रम

**प्रस्तावना**

पशुबस्तुमा विभिन्न समयमा बिभिन्न संक्रमक रोगहरु महमारीको रुपमा देखा पर्ने रोगका कारण पशु तथा पशुजन्य उत्पादनमा कमि आई पशुपालन कृषकहरुले ठुलो आर्थिक क्षेति व्यहोदै आएको हुदाँ कृषकहरुले आफ्नो पशुलाई नियमित रुपमा खोप लगाएमा आफ्नो पशुको मृत्युबाट हुने नोक्सान कम गर्न सकिन्छ । वर्षेनी विभिन्न महामारी रोगका कारण गाई, भैसि, बाख्रा, बंगुर, कुखुरामा फैलिई पशुजन्य उत्पादन तथा उत्पादकत्वमा असर गरि कृषकहरुलाई ठुलो आर्थिक नोक्सानी गरेको देखिन्छ । यसकारण महामारी रोगको रोकथाम तथा व्यवसथापनका लागि यो कार्यविधि लागु गरिएको छ ।

३५.उद्देश्य

(क) बगनासकाली गाउँपालिका भित्रका पशुपंक्षीमा देखा पर्ने महामारी रोगको रोगथाम गरी पशुपंक्षीको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी कृषकको आर्थिक नोक्सानी कम गर्ने ।

(ख) पशुपंक्षीको क्षेति हुनबाट बचाई स्वस्च्छ पशु बस्तु उतपादन गर्ने ।

(ग)व्यवसायिक कृषकहरुद्वारा पालिएका पशुहरुमा विभिन्न महामारीरोग तथा सरुवा रोगको नियन्त्रण गर्ने

३६.बगनासकाली गाउँपालिकाबाट संचालन गरिने पशुपंक्षी खोपहरु :

१.खोरेत भ्याक्सिन

२.भ्यागुते चरचरे भ्याक्सिन

३.पि.पि.आर.भ्याक्सिन

४.स्वाईन फिवर भ्याक्सिन

५.खानीखेत भ्याक्सिन

३७.**कार्यक्रम संचालन कार्यविधि**

(क) राष्ट्रिय खोरेत/भ्यागुते चरचरे/स्वाईन फिवर/पि. पि. आर./रानीखेत रोग नियन्त्रण कार्यक्रमबाट निशुल्क रोग विरुद्धको भ्याक्सिन सम्बन्धि निकायमा माग गरिने छ र निशुल्क उपलब्ध भएमा उक्त

भ्याक्सिनेशन  कार्य गरिने छ ।माग बमोजिम उक्त भ्याक्सिन उपलब्ध हुन नसकेमा पशु सेवा शाखाबाट खरिद गरि लगाउने व्यवस्था मिलाईने छ ।

(ख) भ्याक्सिनेशन गर्न सर्वप्रथम भ्याक्सिनेटरको (ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता ,निजिस्रमा कार्यरत भेटेरीनरी जेटी /जेटिए वा आवश्यक परेको अवस्थामा सरकारी सेवामा रहेका प्राविधिकहरु) नियुक्ति गरि काममा लगाउनु पर्ने छ ।

(ग) भ्याक्सिनेटर नियुक्त गर्दा पशुको संख्या तथा क्षेत्रफलको आधारमा आवश्क अनुसार नियुक्ति गरिने छ ।

(घ) खोप लगाउनु पूर्व स्थानिय निकाय पशुपालक कृषक समूह सहकारीलाई ५ दिन अगाबै जानाकारी गराईने छ ।

(ङ) खोरेत भ्याक्सिन पहिलो वा तेस्रो चौमासिकमा लगाईने छ ।

(च) भ्याक्सिन लगाउने दिन भ्याक्सिनेटरहरु वरफमा स्टोर गरेको भ्याक्सिन लिएर भ्याक्सिन लगाउने स्थानमा गई खोप लगाउने छन ।

(छ) भ्याक्सिन लगाउनको लागि साधारण सिरिन्ज र निडिल प्रयोग गरिने छ । जुनसुकै सिरिन्ज प्रयोग गरेता पनि प्रत्येक पशुको लागि छुटाछुटै निडिल  प्रयोग गर्नु पर्ने छ ।

(ज) भ्याक्सिन खरिददेखि लगाउने समयसम्म कोल्ड चेन को व्यवस्था गर्नु पर्नेछ ।

(झ) भ्याक्सिनेशन  कार्यक्रम सम्पन्न भए पश्चात भ्याक्सिनेटरबाट लगाएको भ्याक्सिनको  परिमाण अनुसार तोकिएको दर अनुसार भ्याक्सिनेटरलाई भुक्तानी गर्दा आर्थिक नियमावली अनुसार गरिने छ ।

(ञ) भ्याक्सिन लगाएको विवरण भ्याक्सिनेटरले खोप अनुसारको फारामभरी स्थानीय जनप्रतिनिधि वा कर्मचारीबाट प्रमाणीत गराई बगनासकाली गाउँपालिका पशु सेवा शाखामा विवरण पठाउने ।

(ट) खोप कार्यक्रम समाप्त भएको एक हप्ता भित्र खोप प्रभावकारीताको लागि विज्ञ केन्द्रलाई अनुरोध गर्ने ।

### ३८.खर्च मापदण्द

(क) खोरेत तथा चरचरे भ्यागुते भ्याक्सिनेशन गर्दा प्रत्येक भ्याक्सिनेटरलाई प्रति पशुलाई भ्याक्सिनेशन गरे वापत रु.१०/ का दरले सेवा शुल्क दिनु पर्ने छ ।

(ख) पि. पि. आर. तथा क्लासिकल स्वाइन फिबर भ्याक्सिनेशन कार्य गर्दा प्रत्येक भ्याक्सिनेटरलाई प्रति गोटा भ्याक्सिनेसन गरे वापत रु. ५/– का दरले सेवा शुल्क दिनु पर्ने छ ।

(ग) रानीखेत भ्याक्सिनेशन  कार्य गर्दा प्रत्येक भ्याक्सिनेटरलाई प्रति गोटा भ्याक्सिनशन गरे बापत रु.१/- का दरले सेवा शुल्क दिनु पर्ने छ ।

(घ) भ्याक्सिनेटरलाई सेवा शुल्क भुक्तानी दिदा निजले के कति संख्यामा कुन कुन क्षेत्र भ्याक्सन गरेको हो सो व्यहोरा सम्बन्धित स्थानीय तह वा वडा कार्यालयबाट प्रमाणित भएको हुनु पर्नेछ ।

## २.१०  तरल नाईट्रोजन तथा लजिष्टक सामाग्री खरिद तथा ढुवानी कार्यक्रम

### प्रस्तावना

बगनासकाली गाउँपालिकामा गाईभैसिमा कृत्रिम गर्भाधान गरी तथा नश्ल सुधार गरि दुध मासु पाडापाडी बाँच्छा बाँच्छी को उत्पादन तथा उत्पादकत्व कृद्धि गर्ने एउटा राम्रो साधन हो । स्थानीय तथा उन्नत जातको गाई भैसिको उत्पादन तथा उत्पादकत्व वृद्धिलाई सुधार गर्न कृत्रिम गर्भाधान अति आवश्क हुन्छ । स्थानीय पशु उत्पादनका दृष्टिले अन्य पशुको तुलनामा कम हुने भएकोले उन्नत जातको पशुबाट कृत्रिम गर्भाधान गरी

बर्णशकर पशु उत्पादन गरि पशुबस्तु उत्पादन गर्न सकिने भएकोले बगनासकालि गाउँपालिकाले कृत्रिम गर्भाधानलाई मध्यनजर गरि कृत्रिम गर्भाधान कार्यलाई निरनतरता दिन तरल नाईट्रोजन तथा लजिष्टक सामाग्री खरिद तथा ढुवानी गरि सेवा प्रदान गर्नको लागि यो कार्यक्रम कार्यबिधि तयार गरेको छ ।

३९. उद्देश्य :

(क) बगनासकाली गाउँपालिका भित्र रहेका स्थानीय गाई भैसिमा कृत्रिम गर्भाधान गरी उत्पादन र उत्पादकत्व बृद्धि ल्याउने ।

(ख) पशुपालन व्यवसायलाई आधुनिकिकरण र व्यवसायीकरण गर्ने ।

(ग) उन्नत जातको गाई तथा भैसिको उत्पादनमा बृद्धि गर्ने ।

(घ)कृत्रिम गर्भाधान सेवालाई प्रभावकारी बनाउने ।

४०.कार्यक्रम संचालन कार्यबिधि :

(क) बगनासकाली गाउँपालिकाको वार्षिक स्वीकृत बजेट र अख्तियारीको परिधि भित्र रही कृत्रिम गर्भाधानको लागि लजिष्टिक सामाग्री खरिद तथा ढुवानी कार्यक्रम खरिद समितिबाट निर्णय गराई सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम कृत्रिम गर्भाधानको लागी आवश्यक कृत्रिम गर्भाधनको लागि लजिष्टक सामाग्रीको खरिद प्रक्रिया अगाडि बढाईने छ ।

(ख) यस वगनासकाली गाउँपालिका कार्यालयले कृत्रिम गर्भाधान गर्नका लागि आवश्यक लजिष्टिक सामाग्री आवश्यक अनुसार बगनासकाली गाउँपालिका कार्यालयमा सूचीकृत भएका एग्रोभेहरुबाट तिन ओटा कोटेशन माग गरिने छ ।

(ग) एग्रोभेटहरुबाट प्राप्त कोटेशनहरुको खरिद समितिको बैठक बसि तिन ओटा कोटेशनको तुलनात्मक दररेटको मुल्याङ्कन गर्दा सबै भन्दा कम दररेटमा कृत्रिम गर्भाधान सामाग्री उपलब्ध गराउने एग्रोभेटलाई खरिद समितिले छनौट गर्ने छ ।

(घ) बगनासकाली गाउँपालिका र छनौट भएको एग्रोभेट बिच सम्झौता गरि खरिदको लागि कार्यादेश बगनासकाली गाउँपालिकले दिने छ ।

(ङ) बगनासकाली गाउँपालिकामा प्राप्त तरल नाईट्रोजन तथा लजिष्टिक सामाग्री गाउँपालिकाको स्टोर शाखामा दाखिला गरीसकेपछि मात्र भुक्तानी प्रक्रिया अगाडी बढाईने छ ।

(च) बगनासकाली गाउँपालिका कार्यालय अर्न्तगतका पशु सेवा शाखा,पशु सेवा केन्द्र,वडा कार्यालयबाट पशु प्राविधिकको परामर्श बमोजिम कृषकलाई आवश्यक अनुसार कृत्रिम गर्भाधान सेवा उपलब्ध गराईने छ ।

(छ) कृत्रिम गर्भाधान सेवा उपलब्ध गराएको पशुपंक्षी रेकड ओ.पि.डी. रजिष्टरमा दर्ता गरी कृत्रिम गर्भाधान मासिक प्रगति प्रतिवेदन, इपिडिमियोलोजिकल रिपोट बगनासकाली गाउँपालिकामा पठाउने ।

## २.११ माईनर तथा मेजर सर्जिकल उपचार सेवा कार्यक्रम

**प्रस्तावना**

बगनासकाली गाउँपालिका अर्न्तरगत रहेका पशु सेवा शाखा पशु सेवा केन्द्र वडा कार्यालयबाट संचालन गरिने मेजर तथा माईनर सर्जिकल उपचार सेवालाई प्रभावकारी रुपमा संचालन गरि पशुपंक्षीको रोग संक्रमण बाट बचाउनको लागि तथा पशुपंक्षी उत्पाद तथा उत्पादकत्व बृद्धि गर्ने उद्देश्यले बगनासकाली गाउँपालिकाले

मध्यनजर गरि माईनर तथा मेजर सर्जिकल उपचार सेवा कार्यक्रमलाई प्रभावकारी र पारदर्शि बनाउनको लागि यो कार्यबिधि तयार गरि लागु गरिएको छ ।

४१. कार्यक्रमको उद्देश्य :

(क) बगनासकाली गाउँपालिकामा ब्यवसायिक कृषकहरुद्वारा पालिईएका गाईभैसि बाख्रा बंगुर कुखुराहरुमा मेजर तथा माईनर सर्जिकल सेवा उपलब्ध गराई दुध अण्डा तथा मासु उत्पादन तथा उत्पादकत्वमा बृद्धि गर्ने ।

(ख) जनस्वास्थ्यमा असर गर्ने रोगहरुको न्यूनिकरण गर्ने ।

(ग) विविध रोगहरु सर्ने माध्यम बनेका रोगहरुको नियन्त्रण गर्न सहयोग पुराउने ।

(घ) माईनर तथा मेजर सर्जिकल उपचार सेवालाई पारदर्शि र प्रभावकारी बनाउने ।

४२. कार्यक्रम संचालन कार्यबिधि :

(क) बगनासकाली गाउँपालिकाको वार्षिक स्वीकृत बजेट र अख्तियारीको परिधि भित्र रही माईनर तथा मेजर सर्जिकल उपचार सामाग्री खरिद समितिबाट निर्णय गराई सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ सर्जिकल उपचारको लागी आवश्यक औषधि तथा सामाग्रीको खरिद प्रक्रिया अगाडी बढाईने छ ।

(ख) यस वगनासकाली गाउँपालिका कार्यालयले मेजर तथा माईनर सर्जिकल औषधी तथा सामाग्री आवश्यक अनुसार बगनासकाली गाउँपालिका कार्यालयमा सूचीकृत भएका एग्रोभेहरुबाट तिन ओटा कोटेशन माग गरिने छ ।

(ग) एग्रोभेटहरुबाट प्राप्त कोटेशनहरुको खरिद समितिको बैठक बसि तिन ओटा कोटेशनको तुलनात्मक दररेटको मुल्याङ्कन गर्दा सबै भन्दा कम दररेटमा सर्जिकल औषधी तथा सामाग्री उपलब्ध गराउने एग्रोभेटलाई खरिद समितिले छनौट गर्ने छ ।

(घ) बगनासकाली गाउँपालिका र छनौट भएको एग्रोभेट बिच सम्झौता गरि खरिदको लागि कार्याआदेश बगनासकाली गाउँपालिकले दिने छ ।

(ङ) बगनासकाली गाउँपालिकामा प्राप्त सर्जिकल औषधी तथा सामाग्री गाउँपालिकाको स्टोर शाखामा दाखिला गरीसकेपछि मात्र भुक्तानी प्रक्रिया अगाडी बढाईने छ ।

(च) बगनासकाली गाउँपालिका कार्यालय अर्न्तगतका पशु सेवा शाखा, पशु सेवा केन्द्र, वडा कार्यालयबाट पशु प्राविधिकको परामर्श बमोजिम कृषकलाई आवश्यक अनुसार माईनर तथा मेजर सर्जिकल उपचार सेवा उपलब्ध गराईने छ ।

(छ) माईर तथा मेजर सर्जिकल उपचार सेवा उपलब्ध गराएको पशुपंक्षी रेकड ओ.पि.डी. रजिष्टमा दर्ता गरी मेजर तथा माईनर सर्जिकल उपचार सेवाको मासिक प्रगति प्रतिवेदन ,इपिडिमियोलोजिकल रिपोट बगनासकाली गाउँपालिकामा पठाउने ।

## २.१२ नि:शुल्क खोप तथा आकस्मिक उपचार सेवा कार्यक्रम

### प्रस्तावना

बगनासकाली गाउँपालिका भित्र व्यवसायिक रुपमा पशुपंक्षीपालन गरेका कृषकहरुको कुनै पनि समयमा आकस्मिक रुममा देखिने पशुपंक्षीहरुको संक्रमक सरुवा रोगहरु तथा महामारी जन्य रोगहरुको रोकथाम तथा नियन्त्रण गर्न आवश्यक औषधी तथा खोपको व्यवस्थापन गर्नु पर्ने हुन्छ । यसरी देखा परेको महामारी जन्य रोगको तत्काल नियन्त्रणको लागि बगनासकाली गाउँपालिकाले मध्यनजर गरी आवश्यक खोप तथा औषधी खरिदको व्यावस्था गर पशु धनको क्षेति न्यूनिकरण गर्न र पशु जन्य उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने

उद्देश्यले र आमस्मिक उपचार सेवालाई पारदर्शि  तथा प्रभावकारी रुपमा संचालन गर्नको लागि यो कार्यविधि तयार गरी लागु गरिएको छ ।

४३. उद्देश्य :

(क) बगनासकाली गाउँपालिकामा ब्यवसायिक कृषकहरुद्वारा पालिईएका गाईभैसि बाख्रा बंगुर कुखुराहरुमा आकस्मिक  देखिने सरुवा संक्रमक  महामारी रोगहरुको खोप सेवा  उपलब्ध गराई दुध अण्डा तथा मासु उत्पादन तथा उत्पादकत्वमा बृद्धि गर्ने ।

(ख) रोग लागिसकेका पशुपंक्षीको हकमा औषधी उपचार गरि रोग मुक्त बनाउने ।

(ग) विविध रोगहरु सर्ने माध्यम बनेका रोगहरुको नियन्त्रण गर्न सहयोग पुराउने ।

(घ) बगनासकाली गाउँपालिका भित्रका पशुपंक्षीको संरक्षण गर्ने ।

४४. कार्यक्रम संचालन कार्यबिधि

(क) बगनासकाली गाउँपालिकाको वार्षिक स्वीकृत बजेट र अख्तियारीको परिधि भित्र रही नि:शुल्क खोप तथा आकस्मिक उपचार कार्यक्रमको खोप तथा औषधी खरिद समितिबाट निर्णय गराई सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ आकस्मिक उपचारको लागी आवश्यक खोप तथा औषधी खरिद प्रक्रिया अगाडी बढाईने छ ।

(ख) यस वगनासकाली गाउँपालिका कार्यालयले आकस्मिक उपचारको लागि आवश्यक अनुसार बगनासकाली गाउँपालिका कार्यालयमा सूचीकृत भएका एग्रोभेहरुबाट तिन ओटा कोटेशन माग गरिने छ ।

(ग) एग्रोभेटहरुबाट प्राप्त कोटेशनहरुको खरिद समितिको बैठक बसि तिन ओटा कोटेशनको तुलनात्मक दररेटको मुल्याङकन गर्दा सबै भन्दा कम दररेटमा खोप तथा औषधी उपलब्ध गराउने एग्रोभेटलाई खरिद समितिले छनौट गर्ने छ ।

